आज मिति २०८२।११।२९ गते शुक्रबारका दिन, बेनी नगर कार्यपालिकाको कार्यालयको सभाहलमा बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा बसेको बेनी नगर कार्यपालिकाको आ.व. २०८२।८३ को नवौं बैठकमा निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | श्री ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | श्री अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | श्री रमेश कुमार श्रेष्ठ | प्रबक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-७ | |
| ५ | श्री टेक बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | श्री याम बहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | श्री पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | श्री अण बहादुर खडका | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | श्री गोबिन्द बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | श्री कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | श्री उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | श्री चक्र बहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | श्री मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | श्री कृष्ण कुमार बि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | श्री किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | श्री मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | श्री सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | श्री सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | श्री बबिता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | बबिता |
| २० | श्री मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | श्री निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

**अन्य उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | क्षेत्र बहादुर भण्डारी | नगर शिक्षा अधिकारी, बेनी न.पा. | |
| २ | युवराज थापा | वरिष्ठ प्रशासकीय अधिकृत, बेनी न.पा. | |
| ३ | | | |
| ४ | | | |

**बेनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बेनी, म्याग्दी**

## आर्थिक वर्ष २०८२।८३ को नवौं कार्यपालिका बैठकका निर्णयहरु

*(मितिः २०८२।११।२१ गते)*

**प्रस्तावहरुः**

१. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यदलको प्रतिवेदन सम्बन्धमा।

२. झोलुङ्गे पुल प्राविधिक सहायता सम्बन्धी सम्झौताको म्याद थप सम्बन्धमा।

३. सार्वजनिक सुनुवाई सम्बन्धमा।

४. गलेश्वर मझुवा बगरको ढुंगा, गिटि, बालुवा बिक्री गर्ने सम्बन्धमा।

५. सडक बोर्डतर्फको योजनाको गत आर्थिक वर्षको भुक्तानी बाँकी सम्बन्धमा।

६. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने विद्यार्थी सम्मान सम्बन्धमा।

७. प्रकाश माध्यामिक विद्यालयको भवन निर्माण सम्बन्धमा।

८. शान्ति पार्क निर्माण र लभ्लिहिल साहसिक पिङ निर्माण सम्बन्धमा।

९. निजी वन दर्ता कार्यविधि तर्जुमा गर्ने सम्बन्धमा।

१०. जिल्ला प्रशासन कार्यालय, म्याग्दी परिसरमा नाली व्यवस्थापन सम्बन्धमा।

**निर्णयहरुः**

१. यस नगरपालिका अन्तरगत सञ्चालनमा रहेका विभिन्न सामुदायिक विद्यालयको तह मिलान, विद्यालय मर्ज तथा शिक्षक दरबन्दी मिलान गर्ने उद्देश्यले गठन गरिएको अध्ययन कार्यदलले आवश्यक अध्ययन गरी तयार गरेको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्यदलको प्रतिवेदन, २०८२ नगर शिक्षा समितिमा पेश भई समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोमा सो प्रतिवेदन उपर अघिल्लो बैठकमा समेत छलफल गरी पुनः पेश हुन आएको छ। आजको बैठकमा उक्त प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन स्वीकृत गरियो। स्वीकृत भएको सो प्रतिवेदन कार्यान्वयनको लागि नगर शिक्षा समितिलाई निर्देशन दिने।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

२. नगरपालिका अन्तरगत विभिन्न स्थानमा थप झोलुङ्गे पुल निर्माण गर्न आवश्यक देखिएकोले झोलुङ्गे पुलको निर्माणको लागि सर्भे तथा लागत अनुमान तयारी लगायतका प्राविधिक सहायता उपलब्ध गराउँदै आएको मिलन म्याग्दी सँगको सम्झौताको म्याद सकिई म्याद थपका लागि निवेदन प्राप्त भएकोले म्याद सकिएको मिति देखि लागू हुने तथा पछि आवश्यकता अनुसार म्याद थप गर्ने गरी हाललाई २०८३ साल असार मसान्त सम्मको लागि सम्झौताको म्याद थप गर्ने।

३. चालु आर्थिक वर्षको दोस्रो चौमासिक सम्ममा भए गरेका सेवा प्रवाह, विकास निर्माण तथा स्थानीय शासन सञ्चालनका विविध विषयमा आम नगरिकका गुनासो सुनी सुधार गर्नका लागि मिति २०८२ साल चैत्र ८ गते बेनी नगरपालिका वडा नं. ३ भकिम्लीको वडा कार्यालयमा सार्वजनिक सुनुवाई आयोजना गर्ने।

४. म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिकामा निर्माणाधीन रहेको रघुगंगा हाइड्रोपावर लिमिटेडले आयोजनाको पहुँच मार्ग निर्माण गर्न नदिजन्य पदार्थ उपलब्धताको लागि सहजीकरण गरिदिन अनुरोध गरेको तथा सो निर्माण कार्यमा संलग्न रहेको गोपाञ्जल निर्माण सेवाले सो पहुँच मार्ग निर्माणको लागि बेनी नगरपालिका र रघुगंगा गाउँपालिकाको सिमा क्षेत्रमा रहेको गलेश्वर बगरबाट नदिजन्य पदार्थ उत्खनन तथा ढुवानीको अनुमति माग गरेको सम्बन्धमा बैठकमा छलफल भयो। सो सम्बन्धमा नगरपालिकाबाट दुई पटकसम्म ठेक्का सूचना आव्हान गर्दा समेत ठेक्का लाग्न नसकेको गलेश्वर मजुवा बगरबाट रघुगंगा हाइड्रोपावरको पहुँच मार्ग निर्माण गर्ने प्रयोजनको लागि वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको परिमाण बमोजिम हुने गरी गण्डकी प्रदेश सरकारले तोकेको दरमा प्रचलित राजस्व थप भइ आउने रु. १०,५९,४७९।६४ मा ढुंगा, गिटी, बालुवा उत्खनन तथा बिक्री सम्बन्धी सम्झौता गरी उत्खनन तथा निर्माण स्थल सम्म ढुवानी गर्न अनुमति दिने।

५. सडक बोर्ड तर्फ गत आर्थिक वर्षमा निर्माण सुरु भई चालु आर्थिक वर्षमा सम्पन्न भएको बेनी पुलाचौर सडक स्तरोन्नती योजनाको रकम भुक्तानी हुन नसकी निर्माण व्यवसायीले रकम भुक्तानीको लागि पटक पटक अनुरोध गरेकोले पछि सडक बोर्ड बाट प्राप्त हुने रकम शोधभर्ना मिलान गर्ने गरी हाललाई प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदनका आधारमा समपुरक कोष शिर्षकबाट रकम भुक्तानी गर्ने।

६. यस नगरपालिकाको आयोजनामा गत पुष महिनामा सम्पन्न भएको जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा नगरपालिकाका तर्फबाट सहभागितामा जनाई उत्कृष्ट खेल प्रदर्शन गर्ने विभिन्न विद्यालयका विद्यार्थीहरुलाई युवा तथा खेलकुद शिर्षकबाट देहाय बमोजिम भुक्तानी हुने गरी नगद पुरस्कार उपलब्ध गराई प्रोत्साहन गर्ने।

क) प्रथम रु. १५००।-

ख) द्वितीय रु. १०००।-

ग) तृतीय रु. ५००।-

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

७. सामुदायिक विद्यालयको भवन निर्माण अन्तरगत प्रकाश माध्यामिक विद्यालयमा चार कोठे भवन निर्माणको लागि नेपाल सरकारबाट रु. ६० लाख प्राप्त भएकोमा सो विद्यालयको व्यवस्थापन समितिबाट विद्यालयको लागि विद्यालय भवन निर्माण गर्न अत्यावश्यक भएको, चालु आर्थिक वर्षमा भवन निर्माण नभएमा आगामी आर्थिक वर्षमा बजेट पर्ने सुनिश्चितता नभएको, निर्माण कार्य बोलपत्र विधिबाट गर्नुपर्ने अवस्थामा खरिदको लागि लामो अवधि लाग्ने हुँदा तत्काल चार कोठे भवन निर्माणको लागि समय अभाव हुने भएकोले साविकको भवनमा तला थप गरी दुई कोठा निर्माणको प्रक्रिया अगाडी बढाइदिन नगरपालिकामा अनुरोध गर्ने भन्ने समेतको निर्णय सहित साविकको विद्यालयमा तला थप गरी दुई कोठा निर्माण गर्नका लागि अनुरोध भइ आएको विषयमा बैठकमा छलफल गरियो। सो सम्बन्धमा नेपाल सरकारले ढिला गरेर बजेट विनियोजन गरी पठाएको तथा प्रतिनिधि सभा सदस्य निर्वाचन लगायतका कारणबाट चार कोठे भवन निर्माणका लागि पर्याप्त समयको अभाव हुने देखिएकोले विद्यालयको अनुरोध बमोजिम साबिकको भवनमा तला थप गरी दुई कोठा निर्माण गर्ने प्रक्रिया अगाडी बढाउन तथा सो निर्माण कार्यको लागत अनुमान रु. ३० लाख भन्दा बढी नहुने गरी लागत अनुमान तयार गरी खरिद प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने।

८. चालु आर्थिक वर्षमा निर्माण गर्ने गरी स्वीकृत भएका शान्ति पार्क परियोजना ( रु. २५ लाख) र लम्लिहिल पर्यटन पूर्वाधार (रु. २५ लाख) योजना कार्यान्वयनमा देखिएका जटिलताका सम्बन्धमा बैठकमा छलफल गरियो। सो सम्बन्धमा देहाय हुने गरी चालु आर्थिक वर्षमा निर्माण कार्य अगाडी बढाउने।

क) बेनी नगरपालिका वडा नं. ७ स्थित बराहपाखो सामुदायिक वन भित्र शान्ति पार्क निर्माणको लागि सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, म्याग्दी सँग छलफल गरी प्रचलित वन ऐन बमोजिम हुने गरी सामुदायिक वन भित्र पार्क निर्माणको लागि आपसी समझदारीका आधारमा सामुदायिक वन उपभोक्ता समूहमार्फत पार्क निर्माणको कार्य अगाडी बढाउने। आपसी समझदारीका विषयहरुका सम्बन्धमा कार्यपालिका बैठकमा समेत छलफल गरी समझदारी पत्रमा हस्ताक्षर गर्ने।

ख) बेनी नगरपालिका वडा नं. २ स्थित लम्लिहिलमा पर्यटन पूर्वाधार निर्माण अन्तरगत साहसिक पिङ निर्माण गर्न लम्लिहिल स्थित सामुदायिक वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय म्याग्दी र उद्योग वाणिज्य संघ म्याग्दीसँग छलफल गरी प्रचलित वन ऐन बमोजिम हुने गरी उद्योग वाणिज्य संघ, सामुदायिक वन उपभोक्ता समूह र नगरपालिकाबीच त्रिपक्षीय समझदारीका आधारमा वन उपभोक्ता समूह मार्फत निर्माण कार्य अगाडी बढाउने। आपसी समझदारीका विषयहरुका सम्बन्धमा कार्यपालिका बैठकमा समेत छलफल गरी समझदारी पत्रमा हस्ताक्षर गर्ने।

९. प्रलचित वन ऐन बमोजिम निजी वन दर्ताको जिम्मेवारी स्थानीय तहहरुमा रहेकोले निजी वन दर्ता गर्न कार्यविधि आवश्यक परेकोले बेनी नगरपालिकाको निजी वन दर्ता, वन विकास तथा व्यवस्थापन सम्बन्धी कार्यविधिको प्रारम्भिक मस्यौदा तयार गर्नका लागि देहाय बमोजिमको समिति गठन गर्ने।

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरेत के.सी.
नगर प्रमुख

क) युवराज थापा, वरिष्ठ प्रशासकीय अधिकृत

ख) याम बहादुर थापामगर, सहायक प्रशासकीय अधिकृत

ग) कुशल ढुंगाना, सहायक आलेप अधिकृत

१०. जिल्ला प्रशासन कार्यालय, म्याग्दीको कार्यालय परिसरमा नाली व्यवस्थापनको लागि रु. ९०,०००।– (अक्षेरुपी नब्बे हजार मात्र) लागत अनुमान सहित नाली निर्माण गर्न अनुरोध भई आएकोले निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च शिर्षकबाट भुक्तान हुने गरी निर्माण कार्य अगाडी बढाउने ।

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख